१. राष्ट्रिय विकास समस्या समाधान समितिको ४५औ वैठकका निर्णयहरु

१. सडक विस्तार तथा स्तरोन्नति गर्ने सन्दर्भमा साविकमा सडकले चर्चेको क्षेत्रफललाई समेत समावेशगरी वा अलग गरी वातावरणीय संरक्षण नियमावलीमा भएको प्रावधान अनुसार IEE वा EIA के गर्ने भन्ने सम्वन्धी अन्यौलता भएकोले सडक विस्तार वा स्तरोन्नती गर्दा थप लिनु पर्ने वनको क्षेत्रफललाई मात्र आधार लिई IEE वा EIA गर्नुपर्ने ।

२. विद्युत वितरण र टेलिफोन लाईनको लागि काठको पोल प्रयोग गर्ने व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालय, उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय र संचार तथा सूचना प्रविधि मन्त्रालयले आपसी समन्वय गर्ने र उपयुक्तता र उपलब्धताको आधारमा काठको पोल नै प्रयोग गर्नु पर्ने गरी नीतिगत निर्णय हुन वन तथा वातावरण मन्त्रालयले निर्णयको लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने ।

३. थानकोट-चापागाउँ-भक्तपुर १३२ केभी लगायत विद्युत् प्रसारण लाइनका लागि जग्गा प्राप्तिको समस्या हल गर्न चक्रपथ तथा राजमार्गको Right of Way समेत उपयोग गर्ने गरी सडक विभागसँग समन्वयात्मक रूपमा कार्य गर्न समन्वयका लागि पहल भएता पनि निर्णय भै नसक्दा समस्या यथावत रहेकोलेविद्युत प्रसारण लाईन निर्माणमा काठमाण्डौ चक्रपथ तथा राजमार्गको Right of Way समेत उपयोग गर्ने गरी नीतिगत व्यवस्था गर्न निर्णयका लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले नेपाल सरकार म.प.मा प्रस्ताव पेस गर्ने।

४. विद्युत वितरण आयोजनाको समेत चुरे क्षेत्रमा EIA र अन्य क्षेत्रमा IEE गर्नुपर्ने प्रावधानका साथै वन क्षेत्र तथा निजी वा ऐलानी जग्गा प्राप्त गर्नुपर्ने हुँदा आयोजनाहरूको कार्यान्वयनमा ढिलाई हुने भएकाले विकास आयोजनाको लागि EIA वा IEE गर्नु पर्ने कार्यविधिको प्रावधानलाई परिमार्जन गर्न वन तथा वातावरण मन्त्रालयले प्रक्रिया अघि बढाउने ।

५. सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको नीति एवं कार्यक्रमहरु विभिन्न निकायहरुबाटकार्यान्वयन हुँदा दोहोरोपना देखिएकोलेसाधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकिकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने ।

६. प्रदेश राजधानी र स्थानीय तहका प्रशासनिक केन्द्र तथा स्थानीय तहका वडा केन्द्रको भवन निर्माणका लागि कतिपय स्थानमा सरकारी, सार्वजनिक र वन क्षेत्रभित्र पर्ने जग्गा समेत आवश्यक पर्ने देखिएकोले वनको क्षेत्राधिकार भित्र पर्ने जग्गाको हकमा मापदण्ड अनुसारको जग्गा वन तथा वातावरण मन्त्रालयले र सरकारी र सार्बजनिक जग्गाको हकमा भुमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले माग भएको ३ महिनाभित्र उपलब्ध गराउने ।

७. संघ, प्रदेश र स्थानीय तहको विकास नीति, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन, तहगत समन्वय तथा प्रतिवेदनको लागि राष्ट्रिय ढाँचा नभएकोले राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सदस्य रहेको समितिले ३ (तीन) महिनाभित्र राष्ट्रिय ढाँचा तयार गरी प्रतिवेदन पेश गर्ने ।

८. पूर्वाधार विकास आयोजनाहरुमा विभिन्न निकायहरुवाट ठेक्का सम्झौता भई कार्यान्वयन हुदै आइरहेकोमा ठेक्का सम्झौताहरु मध्ये कुल १८४८ वटा ठेक्का सम्झौता अवधिभित्र सम्पन्न नभईरूग्ण रहेकोले त्यसको समस्या समाधान गर्न समयबद्ध कार्ययोजना बनाई क्रमागत आयोजनाको हकमा ठेक्का सम्झौता अनुसारको काम सम्पन्न गर्ने र न्युन कार्यसम्पादन भएका तथा पटक पटक म्याद थप गर्दा समेत कार्य प्रगति कम भएका आयोजनाको हकमा सार्वजनिक खरिद कानुन बमोजिमको प्रक्रिया सम्बन्धित मन्त्रालयले अगाडि बढाउने ।